नगरसभा बैठक

आ.व.२०८२/०८३

बैठक संख्या:- १८

मितिः२०८२/९/१४

समयः दिउसो २:०० बजे

स्थानः नगर सभाहल

प्रस्तावहरु

१. आ.व. २०८२/०८३ को अर्धवार्षिक समिक्षा प्रतिवेदन एवम् बजेट तथा कार्यक्रमको संशोधन प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा।

२. स्थानीय संस्था दर्ता ऐन,२०८० को पहिलो संशोधन प्रस्ताव स्वीकृति सम्बन्धमा।

३. विविध।

क. दमार खानेपानी आयोजना सम्बन्धमा।

ख. सेवा प्रवाहको मूल्याङ्कन प्रतिवेदन सम्बन्धमा।

निर्णयहरुः

१. नगर उपप्रमुखद्वारा प्रस्तुत आ.व. २०८२/०८३ को अर्धवार्षिक समिक्षा प्रतिवेदन, न्यायिक समितिको प्रगति विवरण एवम् अनुसूचि १ बमोजिम देहायको बजेट तथा कार्यक्रमको संशोधन प्रस्ताव स्वीकृति गर्ने निर्णय गरियो।

२. मध्यविन्दु नगरपालिकाका प्रमुख नगर उप प्रमुखद्वारा प्रस्तुत स्थानीय संस्था दर्ता ऐन,२०८० को पहिलो संशोधन २०८२ स्वीकृति गर्ने।

| क्र. स. | हालको अवस्था | हुनुपर्ने | संसोधनको कारण |
|---|---|---|---|
| १. | ऐनको दफा ७ को उपदफा (२) को अनुसूचि-२ व्यवस्था भएकोमा अनुसचि -२ मा (दफा ८ उपदफा २ सँग सम्बन्धित) भएको | अनुसूचि-२ मा दफा ७ को उपदफा (२) सँग सम्बन्धित बनाउनु पर्ने | लेखाईमा दफा फरक परेकोले |
| २. | दफा ११ को उपदफा (१)मा दफा ८ को (२) बमोजिम दर्ता भएको संस्थाको दर्ता प्रमाण पत्र भएको। | दफा ७ को उपदफा (२) बमोजिम दर्ता भएको संस्थाको दर्ता प्रमाण पत्र भएको। | लेखाईमा दफा फरक परेकोले |
| ३. | दफा १३ को (१)मा सदस्यले साधारण सभाबाट आफु मध्येबाट विधानमा व्यवस्था भए बमोजिमको पदाधिकारी तथा सदस्य रहेको कम्तिमा ९ जनाको एक कार्य समितिको निर्वाचन गर्नेछ। | दफा १३ को (१)मा सदस्यले साधारण सभाबाट आफु मध्येबाट विधानमा व्यवस्था भए बमोजिमको पदाधिकारी तथा सदस्य रहेको कम्तिमा ७ देखि १३ जनाको एक कार्य समितिको निर्वाचन गर्नेछ। | संस्थाको प्रकृति अनुसार समितिमा थप गर्नुपर्ने भएको हुनाले |

३. विविध

क. दमार खानेपानी सम्बन्धमा मिति २०८२/९/१३ गतेको कार्यपालिका बैठकलाई अनुमोदन गर्ने। पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदनले सम्भाव्य देखिएको आरैन गैरा मुहान दर्ता भैसकेको हुनाले उक्त नयाँ मुहानबाट खानेपानी ल्याउनका लागि विस्तृत अध्ययन प्रतिवेदन अध्यावधिक (DPR, Revision /update) गर्ने।

ख. नगरपालिकाको सेवा प्रवाहको सुधारका विषयमा नगरकार्यपालिकामा भएको निर्णय कार्यान्वयनको मूल्यांङ्कन प्रतिवेदनमाथि छलफल गरियो।